निर्णयहरु

नि.नं १) प्रस्ताव नं १ माथि छलफल गर्दा यस निस्दी गाउँकार्यपालिकाको कार्यालयमा मिति २०७८।०८।२८ देखी २०७८।०९।०८ गते सम्म संचालन भएको मतदाता नामावलि संकलन कार्य सम्पन्न भयो । कुल जम्मा १३९० जनाले मतदाता नामावलीमा नाम दर्ता गरएका जस मध्ये ६६९ जना महिला , ६९१ जना पुरुष रहेको जानकारी भयो । छुट भएका योग्य नागरीकको लागी विबरण वडाबाट संकलन गरी पुन संचालन गर्ने निर्णय गरीयो ।

नि.नं २ ) प्रस्ताव नं २ माथि छलफल गर्दा यस निस्दी गाँउपालिकाको लागी १ जना बरिष्ठ नगर प्रहरी , ४ जना नगर प्रहरीको बिज्ञापन गर्ने निर्णय गरीयो ।

नि.नं ३) ) प्रस्ताव नं ३ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको घुम्ति बैठक यस गा.पामा भएको सन्दर्भमा जम्मा खर्च भएको रकम रु ७१,००० यस गा.पाको बिबिध खर्च शिर्षक बाट भूक्तानी गर्ने निर्णय गरीयो । राष्ट्रिय परिचय पत्र बितरण गर्न आएको टोलीको खाना खाजा बास खर्च वडा नं ४ , ५ को क्रमश बिल अनुसार ३५ हजार भूक्तानी गर्ने साथै वडा नं ३ को जम्मा विलको आधारमा बिबिध खर्च शिर्षक बाट भूक्तानी गर्ने निर्णय गरीयो ।

नि.नं ४) प्रस्ताव नं ४ माथि छलफल गर्दा निस्दी गा.पाको संस्थागत क्षमता स्वमूल्यांकन कार्यक्रम मिति २०७८।०९।२५ गते सम्पन्न गर्ने निर्णय गरीयो ।

नि.नं ५) प्रस्ताव नं ५ माथि छलफल गर्दा निस्दी गा.पाको आ.व २०७८।०७९ को हिउँदे सभा मिति २०७८।१०।११ गते तोकियो ।

नि.नं ६) प्रस्ताव नं ६ माथि छलफल गर्दा मित्याल जलुके मो.वा सडक खण्डको मो.वा. मर्मत गर्न प्रबिधिक खटाई स्टीमेटको आधारमा मर्मत गर्ने निर्णय गरीयो । निस्दी गा.पाको ठेक्का प्रक्रियामा नगएका घाट बाट अत्यावश्यक प्रयोजनको लागी वडाबाट रोयल्टी काटी नलिजन्य पदार्थ उत्खनन् गर्ने निर्णय गरीयो ।

Scanned with CamScanner